नेपाल सरकार
वन तथा भू-संरक्षण मन्त्रालय
राष्ट्रिय निकुन्ज तथा वन्यजन्तु संरक्षण बिभाग

## राष्ट्रिय बाघ गणना,२०१८ सम्वन्धमा जारी गरिएको प्रेश बिज्ञप्ति

नेपाल सरकार (सचिवस्तर) को मिति २०७४|६|२९ को निर्णयानुसार राष्ट्रिय बाघ गणना २०१८ संचालन गर्न केन्द्रीय स्तरमा राष्ट्रिय निकुन्ज तथा वन्यजन्तु संरक्षण बिभागका महानिर्देशकको संयोजकत्वमा वन बिभागका महानिर्देशक, वन तथा भू-संरक्षण मन्त्रालय, जैविक बिबिधता तथा वातावरण महाशाखा प्रमुख (सहसचिव प्रा.), राष्ट्रिय निकुन्ज तथा वन्यजन्तु संरक्षण बिभागका उपमहानिर्देशक, राष्ट्रिय प्रकृति संरक्षण कोषका सदस्य सचिब, WWF Nepal का राष्ट्रिय प्रतिनिधि र ZSL Nepal का राष्ट्रिय प्रतिनिधि सदस्य रहेको सल्लाहकार समिति र उल्लेखित निकायहरुको प्रतिनिधि रहने गरी राष्ट्रिय निकुन्ज तथा वन्यजन्तु संरक्षण बिभागका उपमहानिर्देशकको संयोजकत्वमा केन्द्रीयस्तरमा प्राविधिक समिति गठन भएको छ | त्यसैगरी स्थानीय स्तरमा प्रमुख संरक्षण अधिकृतको संयोजकत्वमा सम्वन्धित जिल्ला वन कार्यालय, नेपाली सेना, साझेदार सहयोगी संस्थाका प्रतिनिधिहरु, मध्यवर्ती क्षेत्रका प्रतिनिधि समेतको सहभागी हुने गरी कार्यान्वियन कार्यदल गठन गरिएको छ |

यसै सिलसिलामा राष्ट्रिय बाघ गणना २०१८ संचालन गर्न बाघ पाइने क्षेत्र (राष्ट्रिय निकुन्ज, मध्यवर्ती क्षेत्रतथा आसपासका राष्ट्रिय वन क्षेत्र)मा मिति २०७४|८|१४ गते देखि पर्सा राष्ट्रिय निकुन्जबाट शुरुवात गरिएको छ | गणनाको लागि आवश्यक सम्पूर्ण प्राविधिक तथा व्यवस्थापकीय कार्य पुरा भएको छ | साथै यसको लागि संरक्षण कार्यमा संलग्न निकुन्जका कर्मचारीहरु, जिल्ला वन कार्यालयका कर्मचारीहरु, वन्यजन्तु प्राविधिक, वन्यजन्तु विज्ञ, नेपाली सेना, मध्यवर्ती क्षेत्र तथा स्थानीय समुदाय, संरक्षणका सहयोगी संस्थाका कर्मचारी समेतको संलग्नतामा गणना कार्य अगाडी बढाइएको छ | यस गणनामा चितवन राष्ट्रिय निकुन्ज कार्यालयको १५ वटा, पर्सा राष्ट्रिय निकुन्जको ७ वटा, बाँके राष्ट्रिय निकुन्ज कार्यालयको ४ वटा, बर्दिया राष्ट्रिय निकुन्ज कार्यालयको ४ वटा र शुक्लाफाँटा राष्ट्रिय कार्यालयको ७ वटा हात्ती प्रयोग हुनेछन् | यस कार्य सम्पन्न गर्न ६६ दिनमा करिब १५००० मान्छे दिन(Man days) लाग्ने अनुमान गरिएको छ भने प्रथम चरणमा १०० जना गणकलाई यही मङ्सिर १२ र १३ गते चितवन राष्ट्रिय निकुन्जको सौराहामा प्रयोगात्मक अभ्यास सहितको तालिम दिइएको छ र थप २०० जनालाई तालिम दिने लक्ष्य लिइएको छ |

बाघ पाइने क्षेत्रलाई तीन वटा (चितवन-पर्सा कम्प्लेक्स, बाँके बर्दिया कम्प्लेक्स र शुक्ला-लालझाडी-जोगबुढा कम्प्लेक्स) मा बिभाजन गरी जम्मा १८८७ वटा ग्रिड बनाई १२०० वटा क्यामेरा ट्रयाप प्रयोग गरिनेछ | यस कार्यको लागि WWF Nepal र ZSL Nepal लगायत बाट आर्थिक र प्राविधिक तथा राष्ट्रिय प्रकृति संरक्षण कोषबाट प्राविधिक र व्यवस्थापकीय सहयोग उपलब्ध भएको छ | बाघ गणना २०१८ को सम्पूर्ण कार्य सम्पन्न गर्न करिब ३ करोड २० लाख खर्च लाग्ने अनुमान गरिएको छ |

बाघ गणनामा क्यामेरा ट्रयाप, सन्टो कम्पास, रेन्ज फाईन्डर, जि.पि.एस., रेकर्ड फर्म लगायतका सामग्रीको प्रयोग गरी Tiger and Prey Base Monitoring Protocol, 2017 ले निर्दिष्ट गरे अनुरुप Camera trapping, Line transectर Occupancy Survey बिधि अपनाई बाघ तथा आहारा प्रजातिको गणना गरिनेछ |

नेपालमा सन् १९९५/९६ मा ९३-९७ वटा बयस्क बाघ रहेको, सन् २००९ मा १२१ रहेको र सन् २०१३ मा गरिएको गणना अनुसार १९८ वटा बयस्क बाघ रहेको अनुमान गरिएको थियो | बाघ गणना कार्यक्रमको नतिजाबाट दुर्लभ तथा लोपोन्मुख प्रजातिको बाघ संरक्षणको अवस्था थाहापाई संरक्षण र व्यवस्थापनलाई अझ प्रभाबकारी बनाउनुका साथै नेपालले अन्तराष्ट्रिय समुदाय समक्ष सन् २०१० मा रसियाको सेन्टपिटर्सबर्गमा भएको बाघ सम्वन्धी अन्तराष्ट्रिय सम्मेलनमा प्रतिवद्धता गरे बमोजिम सन् २०२२ सम्म बाघको संख्या दोब्बर (२५० वटा) पुर्याउने लक्ष्यअनुरुप निश्चित समयमा आंकलन गर्न आवश्यक भएको र यस गणनाले उक्त उद्देश्य प्राप्त गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ |

........................
(मन बहादुर खड्का)
महानिर्देशक
मिति: २०७४|८|१४ गते बिहिबार